नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९, स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३५ अंक २४२ २०८३ साल बैशाख १८ गते शुक्रबार (1 May 2026 Friday) मूल्य रु. ५/-

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं।

**Log in : *rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : कर्मचारीको बढुवा अब ... ३ पृष्ठमा : निजी विद्यालयमा शुल्कबारे रोकिएन ... ३ पृष्ठमा : मध्यपूर्व तनाव चर्किंदा तेल ...

## हावाहुरीले एक जनाको मृत्यु, विधुतीय पोल तथा रुखहरु ढलेर बाटो अवरुद्ध






**दैनिक समाचारदाता**
**राजविराज, १७ बैशाख ।**

बुधबार साँझ वर्षासँगै आएको हावाहुरीले सप्तरीमा एक जनाको मृत्यु भएको छ भने विभिन्न पालिकामा दर्जनौ घर, पसल र विद्युतीय पोलमा क्षती पुगेको छ।

प्रहरीका अनुसार बुधवार साँझ ६:१५ बजेतिर चलेको हावाहुरीले हुलाकी सडकखण्डको पत्थरगाढा चौक नजिकै यात्रु बोकेको सिटी रिक्सा पल्टिदा चेपिएर चालकको मृत्यु भएको छ। जिल्लाको बोदेबर्साइन नगरपालिका ८ निवासी ४२ वर्षिय भगवान दत्त साहको मृत्यु भएको प्रहरीले जनाएको छ।

यस्तै शहरी र ग्रामिण क्षेत्रका दर्जनौ घरको छाना उडाएको छ भने कतिपय स्थानमा सडक मै रुख ढलेका कारण आवागमन ठप्प भएपछि त्यसलाई पन्छाएर आवागन सूचारु गरेको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता डम्बर बहादुर पुरीले जानकारी दिए।

यता नेपाल विद्युत प्राधिकरण राजविराजका अनुसार जिल्लाका विभिन्न पालिकामा गरी चार दर्जन भन्दा बढी विद्युतीय पोल ढलेका छन। यस्तै राजविराज नगर क्षेत्रमा एक निजि घरको अगाडी पट्टी सिसाले सजाइएको फ्रेम ढलेको छ भने विभिन्न सडकमा रुखहरु समेत हावाहुरीले ढोल्दा बाटो अवरुद्ध भएको छ। विद्युत प्राधिकरण राजविराजका प्रमुख सुनिल कुमार महतोले अधिकाँश पालिकामा विद्युत विद्युत सेवा प्रभावित भएको र मर्मतको काम जारी रहेको जानकारी दिए।

## सार्वजनिक जग्गाको संरक्षण र अतिक्रमण हटाउन निर्देशन

**दैनिक समाचारदाता**
**राजविराज, १७ बैशाख ।**

गृह मन्त्रालयले ७७ वटै जिल्ला प्रशासन कार्यालयहरूलाई देशभर रहेका सरकारी तथा सार्वजनिक जग्गाको संरक्षण र अतिक्रमण हटाउन निर्देशन दिएको छ।

मन्त्रालयले जिल्लास्तरमा रहेका सम्बन्धित निकायहरूसँग समन्वय गरी अतिक्रमित सार्वजनिक जग्गाको लगत संकलन गर्न र त्यस्ता जग्गा खाली गराउने विस्तृत योजना मन्त्रालयमा पठाउन भनेको छ।

शाखा अधिकृत कृष्ण देवकोटाद्वारा जारी पत्रमा जिल्लाबाट पठाइएका योजनाहरू मन्त्रालयले स्वीकृत गरेपछि अतिक्रमण हटाउने कार्यका लागि आवश्यक सुरक्षा प्रबन्ध र अन्य प्रशासनिक सहजीकरण गृह मन्त्रालयले गर्ने उल्लेख छ।

मन्त्रालयले यसअघि २०८२ चैत २० गते पनि सार्वजनिक जग्गा संरक्षणका सम्बन्धमा परिपत्र गरेको स्मरण गराउँदै सोही कार्यलाई थप प्रभावकारी बनाउन सचिवस्तरको निर्णयबाट यो नयाँ निर्देशन जारी गरेको हो।

## निजामती कर्मचारीको तलब १५ दिनमा भुक्तानी सुरु

काठमाडौं, १७ वैशाख (रासस)।

सरकारले निजामती कर्मचारीलाई हरेक १५ दिनमा तलब भुक्तानी गर्ने प्रणालीको औपचारिक सुरुआत गरेको छ। अर्थ मन्त्रालयका अनुसार उक्त व्यवस्था पाइलट परियोजनाका रूपमा बुधबारदेखि कार्यान्वयनमा ल्याइएको हो।

अर्थ मन्त्रालयमा आयोजित कार्यक्रममा अर्थमन्त्री डा स्वर्णिम वाग्लेले अर्धमासिक तलब वितरण प्रणालीको शुभारम्भ गर्नुभयो। महालेखा नियन्त्रक कार्यालयमार्फत कम्प्युटराइज्ड गभरमेन्ट एकाउन्टिङ सिस्टम (सिगास) प्रयोग गरी कोष तथा लेखा नियन्त्रक कार्यालयमा भुक्तानी आदेश पठाएर यो प्रणाली सुरु गरिएको हो। योसँगै अर्थ मन्त्रालयका कर्मचारीहरूले वैशाख महिनाको पहिलो १५ दिनको तलब प्राप्त गरेका छन्।

अर्थमन्त्री डा वाग्लेले यस्तो व्यवस्थाले बजारमा तरलता बढाउँदै उपभोग र मागलाई सशक्त बनाउने विश्वास व्यक्त गर्नुभयो। उहाँका अनुसार हाल सङ्घीय निजामती कर्मचारीमा सीमित यो व्यवस्था क्रमशः सबै सरकारी वेतनधारीमा विस्तार गरिनेछ। उहाँले निर्णयपछि छोटो अवधिमै प्राविधिक तयारी पूरा गरेको भन्दै महालेखा नियन्त्रक कार्यालयलाई धन्यवाद दिनुभयो।

कार्यक्रममा महालेखा नियन्त्रक शोभाकान्त पौडेलले प्रणाली विस्तारका लागि कार्यालय पूर्ण रूपमा तयार रहेको जानकारी दिँदै प्रदेश तथा अन्य सरकारी सेवामा पनि क्रमिक रूपमा लागू गरिने बताउनुभयो। उहाँका अनुसार

***बाँकी अन्तिम पृष्ठमा***

## लालपूर्जा लिने क्रममा एक पैसा पनि रिसवत वापत नदिएको स्थानीयको स्पष्टोक्ति



**दैनिक समाचारदाता**
**राजविराज, १७ बैशाख ।**

सप्तरीको डाक्नेश्वरी नगरपालिका ९ पत्थरगाढाका स्थानीयहरुले गाउँ/ब्लक जग्गाको लालपुर्जा लिने क्रममा आफुहरुले एक पैसा पनि रिसवत दिनु नपरेको स्पष्ट पारेका छन्।

विहीवार गाउँ मै पत्रकार सम्मेलनको आयोजना गर्दै स्थानीयहरुले उक्त विषयबारे स्पष्ट पारेका हुन्।

गत शनिवार गाउँमा आयोजित जग्गाधनी प्रमाणपत्र वितरण कार्यक्रममा १ नम्बर नापी टोलीका अमिन श्रीप्रसाद यादव तथा केही बिचौलियालाई पैसा दिएर लालपूर्जा पाउनु परेको भनी उठेको विषयपछी गाउँलेहरुले विहीवार पत्रकार सम्मेलनको आयोजना गरेर उक्त विषयप्रति प्रष्ट पारेका हुन्।

"नापी टोली १ नम्बरका अमिन श्रीप्रसाद यादवसहित अन्य कर्मचारीले पैसा लिएको आरोप लगाएपनि उनीहरुलाई घुस वापत एक पैसा पनि नलिएको र मैले पनि एक पैसा समेत दिएको छुइन्, स्थानीयवासी रामनारायण मेहताले भने- "निर्धारित समय भन्दा लालपुर्जा वितरण कार्यक्रम २/३ घण्टा ढिलो भएपछी आक्रोसमा आफुले उक्त कुरा बोले।"

यस्तै सोही वडाकी सरिता कुमारी साह र सावित्री मेहताले पनि रामनारायणकै भनाईमा सहमति जनाइन्। सरिताले गाउँ कै केही विचौलियाले उचालेर नापी शाखाका कर्मचारीलाई बदनाम गर्न पैसा खुवाएको भनी हल्ला गर्न लगाएको आरोप लगाइन।

लालपुर्जा प्राप्त गर्ने अर्की महिला सावित्री देवी मेहताले आफुले कसैलाई १ रुपैया पनि घुस नदिई सहजै लालपुर्जा प्राप्त गरेको स्पष्ट पारिन्। उनले विचौलियाहरुले कुनै पुरानो रिसइबी साध्न नापी कार्यालयका अमिन श्रीप्रसाद यादव तथा अन्य कर्मचारीलाई बदनाम गर्ने षडयन्त्र रचेको दाबी पनि गरिन।

पत्रकार सम्मेलनमा गत शनिवार लालपुर्जा प्राप्त गर्नेहरु मध्येका बद्री मण्डल, दिनेश कुमार पण्डित, विजुली पण्डित, बहादुर महतो, कारी मियाँ, हजारी प्रसाद गुप्ता लगायतले पनि घुस वापत कुनै पनि कर्मचारीलाई रकम नदिएको स्पष्ट पारेका छन्। आवश्यक कानुनी प्रक्रिया पुरा गरेपछि सहज ढंगले लालपुर्जा प्राप्त भएको उनीहरुको भनाई थियो।

उनीहरुले निर्दोष ब्यक्तीलाई जोगाउन यसरी सत्यतथ्य सार्वजनिक गरेको स्पष्ट पार्दै केही विचौलियाले दबाव र प्रभावमा पारी केही ब्यक्ती प्रयोग गरेर घुसको झुठो कुरा कुरा फिजाएको दाबी गरेका छ।

यस अघि अमिन श्रीप्रसाद यादवले पनि गत शनिवार नै एक प्रेस विज्ञप्ती मार्फत केही विचौलियाले स्वार्थ पूर्ती नभएपछि नियोजित ढंगले आफु विरुद्ध षडयन्त्र रचिरहेको भन्दै न्यायको अपिल गरेका थिए। उक्त प्रकरणबारे आवश्यक छानवीन भईरहेको जिल्ला प्रशासन कार्यालय सप्तरीले जनाएको छ।

**सामाजिक सञ्जाल प्रयोगमा सतर्कता अपनाऔं।**

सामाजिक सञ्जालमा:
- जातीय, धार्मिक, सामाजिक र साम्प्रदायिक सद्भावमा खलल पुऱ्याउने,
- राष्ट्रिय सुरक्षा र राष्ट्रिय एकतामा आँच पुग्ने,
- कुनै व्यक्ति वा संस्थाको प्रतिष्ठा, मर्यादा र आत्मसम्मानमा ठेस पुऱ्याउने,
- जातीय भेदभाव, छुवाछुत, श्रम र आत्मसम्मानप्रति अवहेलना हुने,
- शान्ति सुरक्षामा खलल पुग्ने,
- प्रचलित कानूनले रोक लगाएका सामग्रीहरूको प्रकाशन, प्रसारण र प्रदर्शन गर्ने,
- जनमानसमा भ्रम सिर्जना गर्ने,

जस्ता विषयवस्तु पोष्ट, शेयर, ट्याग, ह्यासट्याग गर्नु हुँदैन।
यस्ता कार्य कानूनतः दण्डनीय हुन्छन्।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय ....

### तीन वटै अधिकारको प्रयोग गरी अझ सशक्त ढंगले अघि बढ्नु आवश्यक

संविधानद्वारा प्रदत्त अधिकारहरुको प्रयोग गरी स्थानीय तहहरुले आ-आफ्ना ठाउँको विकास जनचाहना अनुरुप आफै गर्न सक्छन्। तर, स्थानीय तहहरुले आफूलाई प्राप्त अधिकारहरुको पूर्ण प्रयोग गर्न नसकेका कारण विकासका ढोकाहरु अपेक्षाकृत रुपमा खुल्न सकेका छैनन्। नेपालको संविधानले अहिले स्थानीय तहलाई विद्यायकी, कार्यकारणी र न्यायिक अधिकार दिएको छ।

उनीहरु अहिले पनि पुराना मानसिकता भन्दा माथि उठ्न सकेका छैन। विद्यायकी, कार्यकारिणी र न्यायिक गरी तीन वटै अधिकारहरु स्थानीय तहले प्राप्त गरेपनि यसका बारेमा अधिकतर जनप्रतिनिधिहरु अन्यौल नै रहेको पाइएको छ। अहिले पनि अधिकतर उनीहरु पुरानै शैलीमा काम गरिरहेका छन्। जनप्रतिनिधिहरुले आफ्ना अधिकार र त्यसको दायरा बुझ्रेर काम गर्न सकेको खण्डमा स्थानीय तहले विकासमा फड्को मार्ने निश्चित छ।

भौतिक विकासमा मात्र रुम्मलिएर धेरै जो जनप्रतिनिधहरुले अरु कामलाई त्यत्ति ध्यान नदिइहरेको अवस्था विद्यमान छ। तसर्थ तीन वटै अधिकारको प्रयोग गरी समन्वयात्मक विकासका लागि पहल र प्रयासहरुलाई अझ सशक्त ढंगले अघि बढाउन उनीहरु अग्रसर हुनु जरुरी छ।

डा. भगवती यादव
Dr. Bhagwati Yadav
MBBS, MD Paediatrics (USC)
NMC Reg. No. : 11389
नवजात शिशु तथा बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

# कर्मचारीको बढुवा अब कार्य मूल्याङ्कन सूचकका आधारमा हुने

**नारायण न्यौपाने**

काठमाडौं, १७ वैशाख (रासस)। सरकारले निजामती कर्मचारीको कार्यसम्पादन मूल्याङ्कन तथा नेतृत्व विकासलाई वस्तुगत र व्यावहारिक बनाउन लागेको छ। सङ्घीय निजामती सेवाको गठन, सञ्चालन र सेवाका सर्त सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकमा निजामती सेवालाई बढी कार्यमूलक, नतिजामुखी र सेवाग्राहीमैत्री बनाउन कार्य सम्पादन मूल्याङ्कन प्रणाली सुधारमा जोड दिइएको छ।

विधेयकलाई जनचाहना र सरोकारवालाको सुझावका आधारमा परिष्कृत बनाउन सामान्य प्रशासन तथा सङ्घीय मामिला मन्त्रालयले विधेयकमाथि सुझाव सङ्कलन गरिरहेको छ। गत शुक्रबार सार्वजनिक गरिएको विधेयकको मस्यौदामाथि कर्मचारीको अनिवार्य अवकाश, उम्मेर हद, बढुवा र सचिवको पदावधिलगायत विषयमा छ हजारभन्दा बढी सुझाव प्राप्त भइसकेको छ। अघिल्लो प्रतिनिधिसभा र राष्ट्रियसभामा छलफल भई निष्कर्षोन्मुख त्यस विधेयकलाई आधार मानी वर्तमान सरकारले मस्यौदालाई अन्तिम रुप दिएको हो।

मन्त्रालयका सहसचिव प्रकाश दाहालका अनुसार विभागीय प्रमुख, कार्यालय प्रमुख, सहसचिव, सचिव र मुख्यसचिव सबैको वस्तुगत कार्यसम्पादन सम्झौता गरी सूचकका आधारमा वस्तुनिष्ठ मूल्याङ्कनबाट बढुवा, सेवा सुविधा, जिम्मेवारी, दण्ड र पुरस्कारको भागेदारी बनाइनेछ। सङ्घीय निजामती सेवालाई राष्ट्रहित र सङ्घीय लोकतान्त्रिक गणतन्त्रप्रति प्रतिबद्ध, राजनीतिक रूपमा तटस्थ, पेसागत रूपमा सक्षम, सुदृढ, सेवामूलक, जनउत्तरदायी, समावेशी, पारदर्शी, परिणाममुखी, प्रविधिमैत्री र व्यावसायिक बनाउँदै सुशासनयुक्त संयन्त्रका रूपमा विकास गर्ने उद्देश्य विधेयकमा राखिएको छ।

मस्यौदामा खासगरी प्रशासनिक सङ्घीयता कार्यान्वयन, नेतृत्व विकास र बढुवालाई कार्यसम्पादन मूल्याङ्कनको आधार बनाइएको छ। निजामती सेवामा अवसरका सबै विषय कार्य मूल्याङ्कनमा आधारित हुने भएकाले बढुवा फारममा शतप्रतिशत नम्बर दिएर पदोन्नति हुने पद्धतिको अब अन्त्य हुने विश्वास गरिएको छ। स्थायी सरकारका रुपमा रहेका निजामती कर्मचारीको पदोन्नतिका लागि कार्यसम्पादन सूचक तथा वार्षिक कार्यक्रमको प्रगति, आचरण, अनुशासन तथा नैतिक परीक्षण र सेवाग्राहीको पृष्ठपोषणका आधारसमेत लिइनेछ।

विगतमा पूर्णाङ्क बराबरको नम्बर दिनुपर्छ भन्ने कहीँ उल्लेख नभए पनि मोलाहिजा, आश र त्रासले शतप्रतिशत नम्बर प्रदान गर्ने गरिएको भन्दै आलोचना हुँदै आएको थियो। प्रस्तुत विधेयकले काम गर्ने र नगर्ने कर्मचारीबीचको विभेद छुट्याउने विषयलाई बाध्यकारी बनाएको छ। प्रशासनिक सङ्घीयता कार्यान्वयनमा पनि प्रस्तुत विधेयक एक कदम अगाडि रहेको विज्ञको धारणा छ।

लामो अनुभव, विषयविज्ञता र विशेषज्ञता हासिल गरेका निजामती सेवामा उपल्लो तह अर्थात सचिवको जिम्मेवारीमा रहेकाको कार्य मूल्याकनका आधारमा एकवर्षे कार्यकाल थप गर्नसक्ने व्यवस्था प्रस्ताव गरिएको छ। यसअनुरुप अधिकृत चौधौँ र तेह्रौँ तहका निजामती कर्मचारीको सेवा अवधि दुई वर्ष रहने भए पनि सरकारले कार्यदक्षताको आधारमा अधिकृत तेह्रौँ तहको कर्मचारीको भने पदावधि बढीमा एक वर्ष थप गर्न सक्नेछ।

निजामती सेवालाई विशिष्टिकृत, नेतृत्व विकासलाई वस्तुगत र कार्यसम्पादन व्यावहारिक तुल्याउन उच्च तहको कर्मचारीका सेवावधि तोक्न र थप्न सक्ने व्यवस्था ऐनमै राख्न प्रस्ताव गरिएको हो। हाल मुख्यसचिवको पदावधि तीन वर्षको छ भने सचिवको अवधि पाँच वर्ष रहिआएको छ। विशिष्ट श्रेणीमा पुगेका परिपक्व कर्मचारीको छोटो अवधिमै सरुवा नगर्ने विषय ऐनमै समावेश छ।

अघिल्लो प्रतिनिधिसभा र संसदीय समितिमा निकै चर्चा, बहस र रस्साकस्सी बनेको ‘कुलिङ पिरियड’सम्बन्धी प्रावधान प्रस्तुत विधेयकमा समेटिएको छ। निश्चित अवधि निर्णायक तहमा बसेर काम गरेको कर्मचारीको संवैधानिक निकायलगायतमा हुनसक्ने नयाँ नियुक्ति व्यक्तिगत स्वार्थसँग जोडिनसक्ने पाटोलाई दुईवर्षे ‘विश्राम अवधि’सम्बन्धी व्यवस्थाका लागि प्रस्ताव गरिएको हो।

त्यस्तै, कर्मचारी ट्रेड युनियनका सम्बन्धमा विभिन्न खाले प्रतिक्रिया सार्वजनिक भइरहेको अवस्थामा शान्तिसुरक्षा र प्रशासनिक सेवामा राज्यले आफ्नो निर्णय लिनसक्ने अन्तरराष्ट्रिय महासन्धिलाई आत्मसात् गरेको देखिएको छ। निजामती सेवालाई निष्पक्ष, तटस्थ र व्यावसायिक बनाउन ट्रेड युनियन आवश्यक नरहेको आमनागरिकको प्रतिक्रिया छ। यद्यपि, मस्यौदामा समेटिएका यी यस्ता पेचिला विषय संसद्मा हुने बहसबाट निष्कर्षमा पुग्नेछन्।

निजामती कर्मचारी ऐनले नागरिकको आवाज र गुनासोलाई के कति सम्बोधन गर्न सक्छ भनी विधेयकमै परिभाषित गरिएको छ। प्रस्तावित मस्यौदामा स्थानीय सेवा र प्रदेश निजामती सेवा सञ्चालन ऐनमा दुवै तहका सेवालाई यस ऐनले मागदर्शन गर्नेछ। प्रस्तावित ऐन जारी भएपछि यससँग सम्बन्धित अन्य ऐनमा पनि एकरुपता कायम हुनेछ। यसले तीन तहकै कर्मचारीको वृत्ति विकास र आधारभूत सेवा र सुविधा समान हुनेछ।

मन्त्रालयका अधिकारीहरु समग्रतामा प्रस्तावित नयाँ विधेयक कर्मचारीमैत्रीका रुपमा लिन सकिने बताउनुहुन्छ। अनुशासित भएर कर्मचारीले आफूसँग भएको ज्ञान, सीप, योग्यताको सदुपयोग गरी जनहित र देश विकासमा योगदान दिनुपर्छ। विगतमा कर्मचारी समायोजन ऐनबाट गरिएका निर्णयले अझैसम्म केही समस्या सिर्जना गरेकामा त्यसलाई पनि सम्बोधन गर्नेछ। संविधानमा स्पष्ट नभएको तीन तहबीचको प्रशासनिक अन्तरसम्बन्धलाई पनि यस मस्यौदाले समेटेको छ। यस विधेयकले प्रशासनिक सङ्घीयता कार्यान्वयनमा रहेका जटिलता पनि समाधान हुने विश्वास गरिएको छ।

विधेयकमा उपसचिव र सहसचिव श्रेणीमा १० प्रतिशत खुल्ला प्रतिस्पर्धा तथा सङ्घ, प्रदेश र स्थानीय तहबीचका कर्मचारीले १० प्रतिशत अन्तर तह प्रतिस्पर्धा गर्न पाउने प्रस्ताव गरिएको छ। यो प्रावधान नयाँ हो, जसबाट क्षमतावान् जनशक्ति भित्रयाउन सहयोग पुग्नेछ। विधेयकमा कर्मचारीको उमेर हद बढाएर ६० वर्ष प्रस्ताव गरिएको छ। यसअघि निजामती सेवा विधेयकमा ५८ वर्षमा अनिवार्य अवकाश हुने व्यवस्था थियो।

कम उमेरमा तालिम र अनुभव प्राप्त दक्ष जनशक्ति अवकाश हुँदा नीतिनिर्माण र सेवा प्रवाहमा परिपक्व तथा सरकारका अभ्यास तथा प्रणाली बुझेका कर्मचारीको व्यवस्थापनका लागि ६० वर्ष सेवावधि प्रस्ताव गरिएको मन्त्रालयको दाबी छ। कम उमेरमा अवकाश दिँदा राज्यलाई थप वित्तीय दायित्व बढ्ने पक्षलाई ख्याल गरिएको छ।

प्रस्तुत ऐन प्रारम्भ भएको आर्थिक वर्षमा ५८ वर्ष, दोस्रो आवमा ५९ वर्ष उमेर पूरा भएपछि अवकाश पाउने प्रावधान राखिएको छ। राजपत्राङ्कित विशिष्ट श्रेणीका निजामती कर्मचारीको हकमा भने पदावधि वा उमेरमध्ये जुन आधारमा पहिले अवकाश हुने हो सोही आधारमा हुनेछ। निजामती सेवामा आर्थिक योजना तथा तथ्याङ्क, इन्जिनियरिङ, कृषि, न्याय, परराष्ट्र, प्रशासन, लेखापरीक्षण, वन, विविध, शिक्षा र सूचना प्रविधि सेवा रहने प्रस्ताव गरिएको छ। निजामती सेवामा श्रेणीगत र तहगत गरी मिश्रित संरचना रहनेछन्।

राजपत्राङ्कित विशिष्ट श्रेणीमा अधिकृत चौधौँ र तेह्रौँ, प्रथम श्रेणीमा अधिकृत बाह्रौँ र एघारौँ, द्वितीय श्रेणीमा अधिकृत दसौँ र नवौँ, तृतीय श्रेणीमा अधिकृत आठौँ, सातौँ र छैटौँ तथा राजपत्र अनङ्कित प्रथम श्रेणीमा सहायक पाँचौँ, द्वितीय श्रेणीमा सहायक चौँथो, तृतीय श्रेणीमा सहायक तेस्रो, चतुर्थ श्रेणीमा सहायक दोस्रो र पाँचौँ श्रेणीमा सहायक पहिलो रहने प्रस्ताव गरिएको छ।

राजपत्र अनङ्कित वा सहायक तहको पदमा १८ वर्ष उमेर पूरा भएको हुनुपर्नेछ भने राजपत्राङ्कित वा अधिकृत तहको पदमा २१ वर्ष उमेर पूरा भएको व्यक्तिले प्रतिस्पर्धा गर्न पाउनेछ। निजामती सेवामा पुरुष उम्मेदवारको हकमा ३२ वर्ष र महिला उम्मेदवारको हकमा ३५ वर्ष उमेर पूरा नभएको तथा अपाङ्गता भएको व्यक्ति ३९ वर्षसम्म उम्मेदवार हुन पाउनेछ। हाल पुरुषको ३५ वर्ष छ भने महिलाको ४० वर्षसम्म निजामती सेवामा प्रवेशको मापदण्ड रहेको छ।

पूर्वसचिव कृष्णहरि बाँस्कोटा राजनीतिक रुपमा तटस्थ, सरकारको चाहनाअनुरुप आफ्ना अनुभव र सूचना उपलब्ध गराउने तथा कानुनविपरीतका कार्य रोक्न आवश्यक सल्लाह दिने स्थायी सरकारका रुपमा निजामती सेवालाई लिने गरिएको बताउनुभयो। उहाँले भन्नुभयो, “प्रस्तावित विधेयकले सुशासन कायम गर्न निकै मद्दत गर्छ, कर्मचारीलाई श्रेणी र तह दुबैमा सम्मिश्रण गरिएको छ, जसले कर्मचारीभित्रको विभेद् अन्त्य गर्न, मनोबल उकास्न र सुशासन कायम गर्न प्रेरित गर्छ। कर्मचारीका सेवा, सुरक्षा र गुनासोलाई सम्बोधन गर्न बोर्डको व्यवस्था गरेको छ। विशिष्ट क्षमता भएका व्यक्तिलाई बाहिरबाट ल्याउन बाटो खोलेको छ।” ऐनमा समेटिएका प्रावधानले कर्मचारी उत्प्रेरित भई सुशासन कायम हुनेमा सुनिश्चित गर्ने राष्ट्रिय सूचना आयोगका पूर्वअध्यक्ष बास्कोटाको भनाइ छ।

असल नियतले गरेको कामको बचाउ, मुद्दाका सन्दर्भमा पक्राउ गर्न परेमा अख्यिारवालाको सहमति लिनुपर्ने, तलबको नियमित पुनारावलोकन, देशको वित्तीय क्षमताले भ्याउनेसम्मको सुविधाको व्यवस्था रहेकाले विधेयकको मस्यौदा कर्मचारीमैत्री रहेको दाबी गरिएको छ। केन्द्रदेखि स्थानीय तहसम्म तहगतरुपमा लैजाने र तहगत प्रणालीले सङ्घीयतालाई समन्वय र एकीकृत गराउने र सुशासन र सेवा प्रवाहमा असर गरिरहेको सरकारी निकायमा ट्रेड यूनियन नराख्ने विषय सकारात्मक विज्ञहरुको भनाइ छ।

त्यस्तै सरुवा प्रणालीलाई अनुमान योग्य, पारदर्शी र अनिवार्य गरेको तथा कर्मचारीमा आचरणका नियमहरुले मर्यादित भएर काम गर्न प्रेरित गर्ने देखिएको उहाँहरुको भनाइ छ। गुनासा सुनुवाइ संयन्त्र गठन तथा प्रशासन सुधार नियमित गर्ने विषयलाई सकारात्मक पक्षका रुपमा लिइएको छ। सेवा प्रवेशको हालको उमेर अवधिलाई पनि चरणबद्ध रुपमा घटाउनुपर्ने विज्ञहरुको सुझाव छ।

# निजी विद्यालयमा शुल्कबारे रोकिएन
# गुनासो, सहायकता कक्षमा घन्टामै पचास फोन !

**प्रकाश सिलवाल**

काठमाडौँ, १७ वैशाख (रासस)।

"सर, नमस्कार। बढी शुल्क लिने विद्यालयबाट रकम फिर्ता गराउने नेपाल सरकारको निर्देशन उचित छ तर हामीले आग्रह गर्दा निजी विद्यालयले फिर्ता गर्न मानिरहेका छैनन्। केन्द्रबाट नै भनिदिनुपर्‍यो", शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयमातहतको शिक्षा तथा मानव स्रोत विकास केन्द्रमा स्थापित सहायता कक्षमा हरेक दिन होइन हरेक मिनेटमा यस्ता गुनासा आउने गर्छन्।

मन्त्रालयले निजी लगानीका विद्यालयहरूले कानुनविपरीत उठाउँदै आएको भर्ना र अन्य शुल्क फिर्ता गराउन निर्देशन दिएपछि अभिभावकहरूले नियमितरूपमा गुनासो टिपाउन थालेका हुन्। भक्तपुर, सानोठिमीस्थित शिक्षा तथा मानव स्रोत विकास केन्द्रमा खडा गरिएको सहायता कक्षका प्रमुख एवं केन्द्रका निर्देशक निमप्रकाश सिंह राठौरको मोबाइल नम्बर ९८५१२१४६३८ मा हरेक दिन होइन, हरेक मिटेनमा फोन आउँछ। केन्द्रका सूचना अधिकारीसमेत रहनुभएका निर्देशक राठौरले विद्यार्थी भर्ना शुल्कलगायत विविध विषयमा विभिन्न माध्यमबाट नियमित गुनासो आएको बताउनुभयो।

निर्देशक राठौरले भर्ना शुल्क भनेर नलिए पनि वार्षिक शुल्कका नाममा निजी लगानीका विद्यालयले बढी बढी शुल्क लिएको उजुरी आएको बताउँदै वर्षमा दुई महिना बराबरको रकम वार्षिक शुल्कका रूपमा लिन पाउने कानुनी व्यवस्था संशोधन गर्नुपर्नेलगायत सुझाव पनि आएको राससलाई जानकारी दिनुभयो।

"मासिक शुल्क पनि महँगो हुन्छ। त्यसमाथि दुई महिना बराबरको वार्षिक शुल्क लिने पाउने व्यवस्थाले हाम्रो ढाड सेकिने गरेको छ", अभिभावकको गुनासो सुनाउँदै निर्देशक राठौरले भन्नुभयो, "कानुन संशोधन गर्न पहल गरिदिनुपर्‍यो।"

गुनासोकर्ताहरूले स्थानीय तहले शुल्क मापदण्ड र मन्त्रालयको निर्देशन पालनामा ध्यान नदिएकादले केन्द्र सरकारले सिधै हेर्नुपर्ने माग पनि गरेका छन्। निर्देशक राठौरका अनुसार पछिल्लो समयमा सामुदायिक विद्यालयमा शुल्क लिइएको गुनासो आउने थालेको छ। मन्त्रालयले कानुनविपरीत लिइएको भर्ना शुल्क र संस्थागत विद्यालय शुल्क निर्धारण माापदण्ड निर्देशिका, २०७२ द्वारा निर्धारित बाहेक अन्य शुल्कलाई फिर्ता गराउन कानुनी प्रक्रिया अघि बढाउन गत चैत २२ गते सम्बन्धित सबै स्थानीय तहहरूलाई अनुरोध गरेको थियो। आफूखुसी शुल्क लिएर फिर्ता नगर्ने विद्यालयलाई शिक्ष ऐन, २०२८ लगायतका अन्य कानुनी व्यवस्थाबमोजिम कारबाही हुन सक्नेतर्फ मन्त्रालयले सचेत गराएको थियो।

उहाँले शुल्क नतिरेको नाममा कक्षा १२ को परीक्षाका लागि एडमिट कार्ड रोकिएको र ललितपुरमा एक निजी विद्यालयले कपाल काटेर आउनु भन्ने शिक्षकको निर्देशन नमानेका कारण पनि परीक्षाको एडमिट कार्ड रोकिएकामा फोन गरेर भने पछि समस्या समाधान भएको निर्देशक राठौरले बताउनुभयो। उहाँका अनुसार हालसम्म घन्टाको पचास टेलिफोनबाट तीन हजारसम्मको उजुरी परेको, इमेलबाट सय, एसएमस ३०० र भाइबरमा बढी शुल्कको बिल आदि प्रमाण दिनेको सङ्ख्या ७० पुगेको छ। सहायता कक्षले आफ्नोमा आएका गुनासो/उजुरीलाई नीतिगत सम्बोधनका लागि केन्द्रका महानिर्देशकसमक्ष पेस गरिएको र तत्काल सम्बोधन गर्न सकिने विषयहरू आफूले समाधान गरेको राठौरको भनाइ छ।

सरकारले नयाँ शैक्षिकसत्रको प्रारम्भ वैशाख १५ गतेदेखि सुरु गर्न निर्देशन दिए पनि अधिकांश निजी विद्यालयले त्यसअगावै भर्ना गरेका छन्। सामुदायिक विद्यालयमा माध्यमिक तहसम्म निःशुल्क शिक्षा हुने भनिए पनि आर्थिक सहयोग शुल्कका नाममा अभिभावकसँग रकम लिने गरिएको छ तर निजीको तुलनामा सरकारीको सहयोग रकम नगन्य रहेको छ। काठमाडौँको विश्व निकेतन माविका प्रधानाध्यापक हेरम्बराज कँडेलले सरकारको न्यून बजेटका कारण गुणस्तरीय शिक्षा दिन वर्षभरीका लागि कक्षा १ देखि ८ सम्म न्यूनतम् एक हजार ४०० देखि दुई हजार ९०० सम्म अभिभावकसँग आर्थिक सहयोग शुल्क लिने गरेको बताउनुभयो। उहाँले करिब १०० विपन्न विद्यार्थीलाई छात्रवृत्ति दिने गरिएको जनाउनुभयो।

निजी तथा आवासीय विद्यालय अर्गनाइजेशन (प्याब्सन) महासचिव आरबी कटवालले निजी विद्यालयहरूले आमरूपमा मापदण्डबमोजिम स्थानीय तहबाट स्वीकृत शुल्क मात्रै लिएको जिकिर गर्दै शैक्षिकसत्र लाग्नुअगावै भर्ना गरिएको शुल्क भने फिर्ता गर्न आफूहरूलाई आपत्ति नहुने बताउनुभयो। "हामीले सदस्य विद्यालयहरूलाई सरकारको निर्देशन र विद्यमान कानुनको परिपालना गर्न भन्दै आएका छौँ। शैक्षिकसत्र सुरु नहुँदै विद्यार्थी भर्ना गर्ने कतिपय ठूला विद्यालयबाट अभिभावकले रकम फिर्ता लिन आउनुस् भनेर सूचना जाँदा पनि अभिभावक नआएको पाइयो", महासचिव कटवालको भनाइ छ, "त्यस्ता विद्यालयमा विद्यार्थीको चाप हुने भएकाले भर्ना गरिसकेपछि रकम फिर्ता लिँदा सिट गुम्ने चिन्ता अभिभावकमा पर्न रहेछ, त्यसैले भर्ना भइसकेकाको हकमा रकम फिर्ता भन्दा अब तिर्नुपर्ने मासिक शुल्कमा मिलान गर्ने व्यवहारिक सल्लाह भएको पाइएको छ।" महासचिव कटवालले कतिपय विद्यालयले विविध शीर्षकमा बढी रकम लिने गरेको पाइएका अध्ययन भइरहेको र त्यसमा सरकारी निकायलाई आफूहरूले समन्वय र सहयोग गर्ने स्पष्ट गर्नुभयो।

शिक्षा नियमामवली, २०५९ (संशोधनसहित) को नियम १४६ मा विद्यालयले लिन पाउने शुल्क तथा धरौटीहरूको व्यवस्था गरिएको छ। उक्त दफामा विद्यालयले मासिक पढाइ शुल्क, कूल दुई महिनाको पढाइ शुल्क बराबरको रकममा नबढ्ने गरी खेलकुद, अतिरिक्त क्रियाकलाप, प्रयोगशाला, मर्मतसम्भार, पुस्तकालय र प्राथमिक उपचारबापतको वार्षिक शुल्क, विद्यालयमा पहिलोपटक भर्ना हुँदा एक पटकको लागि भर्ना हुने कक्षाको मासिक पढाइ शुल्कमा नबढ्ने गरी भर्ना शुल्क तोकिएको छ।

यसैगरी विविधअन्तर्गत परीक्षा शुल्क, कम्प्युटर शुल्क, स्थानान्तरण प्रमाणपत्र शुल्क, विशेष प्रशिक्षण (जुडो, मार्शल आर्टस्, पौडी, गायन, नृत्य) शुल्क, आवास शुल्क, परिवहन शुल्क, भोजन शुल्क लिन सकिने नियमावलीले व्यवस्था छ।

नियमावलीको नियम १४७ मा विद्यालयले विद्यार्थीसँग लिने अधिकतम् शुल्क विद्यालयको वर्गीकरणका आधारमा तोकी सम्बन्धित शिक्षा विकास तथा समन्वय एकाइले शैक्षिकसत्र सुरु हुनुभन्दा तीन महिनाअगावै सूचना प्रकाशन गर्नुपर्ने व्यवस्था रहेको छ। विद्यालयको व्यवस्थापन समितिले शिक्षक-अभिभावक सङ्घको कार्यकारी समितिसँग परामर्श गरी तोकिएको अधिकतम् शुल्क सीमाभित्र रही शैक्षिकसत्र सुरु हुनु दुई महिनाअघि समन्वय एकाइमा पेस गर्नुपर्ने भनिएको छ। एकाइले प्रस्तावको जाँचबुझ गरी शुल्कको दर तोकी सूचना प्रकाशन गर्नेछ। शुल्क व्यवस्थापन तथा अनुगमनका लागि केन्द्रका महानिर्देशकको संयोजकत्वमा केन्द्रीय समिति गठनको व्यवस्था गरिएको छ।

# 'मिथ्या प्रचार गरिँदा परिवार योजनामा प्रभाव पर्न सक्छ'

काठमाडौँ, १७ वैशाख (रासस)।

नेपालमा जनसङ्ख्यामा वृद्धिदर र प्रजनन दरमा कमी भएकाले अब चाँडै जनसङ्ख्या ऋणात्मक हुन्छ भनी गरिएको प्रचार मिथ्या भएको जानकारी गराइएको छ।

महिला, कानुन र विकास मञ्च तथा एम्प्लिफाइ चेञ्जले बुधबार यहाँ आयोजना गरेको 'परिवार योजना' विषयक छलफलमा गर्भ निरोधक साधनहरूको प्रयोगमा वृद्धि भएर नभई बसाइँसराइका कारणले धेरै दम्पती छुटिएर बस्न बाध्य भएकाले यस्तो अवस्था आएको जानकारी दिइएको हो। यस्तै, हाल ३४ प्रतिशत विवाहित पुरुष देशबाहिर रहेकाले पनि यस्तो अवस्था देखिएको जानकारहरूले बताएका छन्।

ढिलो विवाह, पढाइ र आर्थिक उपार्जनका लागि बच्चा पाउन ढिलो वा एउटा मात्र पाउनेलगायत कारणले समेत यस्तो अवस्था आएको 'परिवार योजनाको आवश्यकताः अझ बढी प्राथमिकता' विषयक पैरवी पत्रमा उल्लेख छ।

दश वर्षको अवधिमा नेपालमा २६ लाख ७० हजार ७४ जनसङ्ख्या बढेको त्यस अवसरमा उल्लेख गरियो। सन् २०११ मा दुई करोड ६४ लाख ९४ हजार ५०४ जनसङ्ख्या थियो भने सन् २०२१ मा दुई करोड ९१ लाख ६४ हजार ५७८ पुगेको छ। यही अवस्थामा पनि नेपालमा जनसङ्ख्यामा ऋणात्मक हुन अझै पनि २५ देखि ४० वर्षसम्म लाग्न सक्ने पैरवी पत्र प्रस्तोता अधिवक्ता नवीनकुमार श्रेष्ठले बताउनुभयो।

नेपालका ३३ जिल्लामा जनसङ्ख्यामा वृद्धि ऋणात्मक भएकाले ती जिल्लामा परिवार योजना कार्यक्रम बन्द गर्नु पर्दछ भनेर समेत मिथ्या हल्ला चलाइएको जानकारी पनि कार्यक्रममा गराइएको थियो।

सन् २०२१ को जनगणनाअनुसार ३३ जिल्लामा जनसङ्ख्या वृद्धि दर ऋणात्मक देखिएको– ठीक भए पनि ३२ वटा जिल्लामा देशको सालाखाला जनसङ्ख्या (०.९२ प्रतिशत) भन्दा बढी छ। ३३ जिल्लामा जनसङ्ख्या कम हुनाका कारण अति आवश्यक विकासका पूर्वाधारहरू जस्तै खाना, पानी, स्वास्थ, बाटो, रोजगारी, शिक्षा, आदि नभएर नजिकका सहरमा बसाइँसराइले भएको देखिएको पनि अधिवक्ता श्रेष्ठले बताउनुभयो।

"नेपालमा अब जनसङ्ख्या बढाउनका लागि प्रोत्साहनका कार्यक्रमहरू सञ्चालन गर्नुपर्दछ भनेर पनि मिथ्या हल्ला चलाइएको छ। नेपालको संविधान र ऐन कानुनहरूले प्रजनन स्वास्थ्यलगायत परिवार योजनालाई व्यक्तिको मौलिक हकका साथै अधिकारका रूपमा अङ्गीकार गरेको छ। त्यसैले व्यक्तिले बच्चा पाउने वा नपाउने, कहिले पाउने र कति जना पाउने उनीहरूको अधिकार हो भन्ने बिर्सिएर यस्तो हल्ला गर्न थालिएको छ", उहाँले भन्नुभयो।

नेपालमा अब परिवार योजनाका कार्यक्रमहरू सञ्चालन गर्न आवश्यक छैन भनेर मिथ्या हल्ला चलाइएको मञ्चको नेतृत्वमा १८ वटा संस्थाका सञ्जालले तयार पारेको कार्यपत्रमा उल्लेख छ। परिवार योजनाले जनसङ्ख्या कम गर्नुभन्दा पनि आमा, नवजात शिशु, बालबच्चा, किशोरीहरूको स्वास्थ्य सुधार, महिला सशक्तीकरण, वातावरण संरक्षण, एचआइभी तथा यौनजन्य सङ्क्रमणको रोकथाम, बाँझोपनको व्यवस्थापन, गरिबी निवारण र महिलाहरूको शिक्षा, वृत्तिविकासमा सहयोग पुर्‍याउने प्रभावकारी र कम लागतमा बढी फाइदा हुने माध्यम भएकाले यसको आवश्यकता मानिसहरूको गुणस्तरीय जीवन सुधार गर्न, राष्ट्रिय र दिगो विकासका लक्ष्य पूरा गर्न र मानिसहरूको प्रजनन अधिकार परिपूर्ति गर्नका लागि अति आवश्यक भएको तथ्य कार्यपत्रमार्फत उल्लेख छ।

कार्यक्रममा स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय परिवार योजना शाखा प्रमुख शर्मिला दाहालले विगत वर्षमा संयुक्त

*बाँकी अन्तिम पृष्ठमा*

## विश्व समाचार

# मध्यपुर्व तनाव चर्किंदा तेलदेखि कूटनीतिसम्म असर

पेरिस, १७ वैशाख (रासस/एएफपी)।

मध्यपूर्वमा जारी युद्धले विश्व अर्थतन्त्र, कूटनीति र सुरक्षा अवस्थामाथि एकसाथ गहिरो प्रभाव पारिरहेको छ। तेलको मूल्य चार वर्षयताकै उच्च विन्दुमा पुगेको छ भने अमेरिका, युरोप र रुसबीचको सम्बन्ध पनि थप जटिल बन्दै गएको छ। यसबीच सैन्य गतिविधि, कूटनीतिक वार्ता र आर्थिक असरहरू समानान्तर रूपमा तीव्र भएका छन्।

ऊर्जा बजारमा सबैभन्दा स्पष्ट प्रभाव देखिएको छ। यो डेलिभरीका लागि ब्रेन्ट कच्चा तेलको मूल्य सात प्रतिशतभन्दा बढी बढेर १२६.४१ डलर पुगेको छ भने वेस्ट टेक्सास इन्टरमिडियेट पनि ३.४ प्रतिशतले बढ्दै ११०.३१ डलरमा पुगेको छ। इरानमाथि अमेरिकी नाकाबन्दी कडा बनाइँदै जाँदा आपूर्ति असन्तुलनको डरले बजार उकालो लागेको हो।

सैन्य पक्षमा, अमेरिकी सेन्ट्रल कमान्ड (सेन्टकम) ले नाकाबन्दी उल्लङ्घन गर्ने प्रयास गरेका ४२औँ व्यावसायिक जहाजलाई समेत सफलतापूर्वक फर्काइएको जनाएको छ। यससँगै करिब छ अर्ब डलर मूल्य बराबरको छ करोड ९० लाख ब्यारेल तेल बोकेका ४१ ट्याङ्करहरू बजारमा प्रवेश गर्न नपाएको दाबी गरिएको छ।

यसैबीच, अमेरिका र जर्मनीबीचको सम्बन्धमा तनाव देखिएको छ। अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले जर्मनीले इरानविरुद्धको युद्धमा साथ नदिएपछि त्यहाँ तैनाथ ३५ हजारदेखि ५० हजार अमेरिकी सैनिक घटाउने विचार गरिरहेको बताउनुभएको छ। जर्मन चान्सलर फ्रेडरिक मर्जले कूटनीतिक समाधानमा जोड दिँदै युद्धमा सहभागी हुन अस्वीकार गरेपछि यो विवाद चर्किएको हो।

अर्कोतर्फ, रुसले युद्ध विस्तारप्रति गम्भीर चेतावनी दिएको छ। राष्ट्रपति भ्लादिमिर पुटिनले ट्रम्पसँगको टेलिफोन वार्तामा इरानमाथि पुनः सैन्य आक्रमण नगर्न आग्रह गर्नुभएको छ। उहाँले युद्धविराम विस्तारको निर्णयलाई सकारात्मक भने पनि सैन्य कारबाही पुनः सुरु भए 'गम्भीर र हानिकारक परिणाम' आउने चेतावनी दिनुभयो। ट्रम्पले उक्त वार्तालाई सकारात्मक बताउँदै इरानसँगको द्वन्द्व अन्त्य गर्न रुसको सहयोग आवश्यक रहेको उल्लेख गर्नुभयो।

युद्धको आर्थिक लागत पनि बढ्दै गएको छ। अमेरिकी रक्षामन्त्री पीट हेग्सेथका अनुसार करिब ६० दिनको द्वन्द्वमा हालसम्म २५ अर्ब डलरभन्दा कम खर्च भएको अनुमान गरिएको छ। यद्यपि, उच्च मात्रामा हतियार प्रयोग भएको विषयमा उठेका चिन्ताहरूलाई उहाँले अस्वीकार गर्दै आलोचकहरूलाई शत्रुपक्षलाई फाइदा पुर्‍याउने आरोप लगाउनुभयो।

रणनीतिक रूपमा अमेरिका लामो समयसम्म इरानमाथि दबाब कायम राख्ने तयारीमा देखिएको छ। रिपोर्टहरूका अनुसार ट्रम्प प्रशासनले तेहरानलाई आणविक कार्यक्रम त्याग्न बाध्य पार्न बन्दरगाहहरूमा दीर्घकालीन नाकाबन्दीको योजना बनाइरहेको छ। साथै, इरानलाई लामो समयसम्म युरेनियम संवर्धन रोक्न र कडा प्रतिबन्ध स्वीकार गर्न दबाब दिने रणनीति अपनाइएको छ।

ट्रम्पले आफ्नो सामाजिक सञ्जालमार्फत पनि कडा सन्देश दिनुभएको छ। उहाँले इरानले आणविक सम्झौतामा सहमत हुन नसकेको भन्दै चाँडै निर्णय लिनुपर्ने चेतावनी दिनुभयो।

युद्धको असर अन्य क्षेत्रहरूमा पनि देखिएको छ। क्यानाडामा आयोजित फिफा काङ्ग्रेसमा सहभागी हुन गएका इरानी फुटबल अधिकारीहरूले टोरन्टो विमानस्थलमा भएको व्यवहारप्रति असन्तुष्टि जनाउँदै कार्यक्रमअघि नै देश छोडेका छन्।

ऊर्जा कम्पनीहरूले भने बढ्दो मूल्यबाट लाभ लिएका छन्। फ्रान्सेली कम्पनी टोटल एनर्जीले पहिलो त्रैमासिकमा ५१ प्रतिशतले नाफा बढ्दै पाँच अर्ब ८० करोड डलर पुगेको जनाएको छ। ब्राजिल र लिबियामा उत्पादन वृद्धि तथा उच्च मूल्यबाट कम्पनीले फाइदा उठाएको उल्लेख गरिएको छ। साथै, साउदी अरेबियामा हवाई आक्रमणपछि बन्द गरिएको सातोर्प रिफाइनरी पुनः सञ्चालनमा आएको छ र दैनिक दुई लाख ३० हजार ब्यारेल क्षमतामा उत्पादन भइरहेको छ।

क्षेत्रीय सुरक्षा अवस्था भने अझै अस्थिर छ। लेबनानमा इजरायली आक्रमण जारी रहँदा पछिल्ला दुई दिनमा २० जनाभन्दा बढीको मृत्यु भएको छ। राष्ट्रपति जोसेफ आउनले स्थायी वार्ताअघि युद्धविराम पूर्ण रूपमा कार्यान्वयन गर्न आग्रह गर्नुभएको छ। इजरायलले भने इरान समर्थित हिजबुल्लाह समूहविरुद्ध दक्षिण लेबनानमा सैन्य कारबाही जारी राखेको छ।

# नाकाबन्दीले इरान थिचिँदै

वासिङ्टन, १७ वैशाख (रासस/एएफपी)।

इरानमाथि जारी अमेरिकी नौसैनिक नाकाबन्दी महिनौँसम्म लम्बिन सक्ने सङ्केतसँगै विश्व तेल बजारमा तीव्र उथलपुथल देखिएको छ। राष्ट्रपति डोनाल्ड ट्रम्पले इरानविरुद्धको दबाब रणनीतिलाई अझै कडा बनाउने बताउँदै नाकाबन्दीलाई बम आक्रमणभन्दा प्रभावकारी ठहर गर्नुभएको छ, जसले तेलको मूल्य चार वर्षयताकै उच्च विन्दुमा पुगेको छ।

इरान र अमेरिकाबीच कूटनीतिक प्रयास ठप्प अवस्थामा पुगेपछि तनाव थप चुलिएको हो। यही क्रममा ट्रम्पले रूसी राष्ट्रपति भ्लादिमिर पुटिनसँग टेलिफोन वार्ता गर्नुभएको थियो। पुटिनले अमेरिका र इजरायलले फेरि इरानमाथि युद्ध चर्काए 'हानिकारक परिणाम' आउने चेतावनी दिनुभएको बताइएको छ।

तेल उद्योगसँग सम्बन्धित अधिकारीहरूसँगको भेटमा ट्रम्पले इरानी बन्दरगाहहरूको नाकाबन्दीलाई निर्णायक कदमका रूपमा व्याख्या गर्नुभयो। तेहरानले कुनै पनि सम्झौताअघि उक्त नाकाबन्दी हटाउन माग गरिरहेको छ। तर अमेरिकी सेन्ट्रल कमान्ड (सेन्टकम) का अनुसार नाकाबन्दी उल्लङ्घन गर्ने प्रयासमा रहेका ४२औँ व्यापारिक जहाजलाई समेत फर्काउन सफल भएको छ। यसबाट करिब छ अर्ब डलर बराबरको छ करोड ९० लाख ब्यारेल तेल बजारमा आउन नपाएको दाबी गरिएको छ।

युद्धको प्रभाव अमेरिकी आन्तरिक राजनीतिमा पनि देखिन थालेको छ। यो सङ्घर्ष आम मतदातामाझ लोकप्रिय नभएकाले ट्रम्पमाथि युद्ध अन्त्य गर्न राजनीतिक दबाब बढ्दो छ। साथै, तेलको मूल्य वृद्धि हुँदा अमेरिकी उपभोक्ताको खर्च बढेको छ भने अमेरिकी सहयोगी देशहरू पनि असुरक्षामा परेका छन्।

# एमआरपी कार्यान्वयनमा व्यावहारिकता अपनाउन जोड

काठमाडौँ, १७ वैशाख (रासस)।

नेपाल चेम्बर अफ कमर्सले उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री गौरीकुमारी यादवलाई भेट गरी समग्र उद्योग-व्यवसाय क्षेत्र सुधारका लागि विस्तृत सुझाव प्रस्तुत गरेको छ।

उद्योग, वाणिज्य तथा आपूर्ति सचिव कृष्णबहादुर राउतको उपस्थिति रहेको उक्त भेटका क्रममा चेम्बरका अध्यक्ष कमलेशकुमार अग्रवाल नेतृत्वको प्रतिनिधिमण्डलले मन्त्री यादवलाई बधाई तथा सफल कार्यकालको शुभकामना दिँदै वर्तमान चुनौतीपूर्ण अवस्थामा निजी क्षेत्रसँग सहकार्य गर्दै नीतिगत स्पष्टता, लगानीमैत्री वातावरण र व्यवसायीको सुरक्षा सुनिश्चित गर्न आग्रह गरेको हो।

सो अवसरमा मन्त्री यादवले नेपाल चेम्बर अफ कमर्सले मुख्य रुपमा उठाएको एमआरपीको समस्यालगायत प्रस्तुत सुझावउपर छलफल गरी निजी क्षेत्रका लागि सकारात्मक वातावरण तयार पार्ने दिशामा सरकार अघि बढ्ने बताउनुभयो।

भेटका क्रममा चेम्बर टोलीले विशेषगरी भन्सार विन्दुमा आयात हुने वस्तुहरूमा अधिकतम खुद्रा मूल्य (एमआरपी) अनिवार्य गर्ने व्यवस्था व्यवहारतः जटिल र प्रक्रियागत कठिनाइ रहेको उल्लेख गर्दै त्यसको कार्यान्वयनमा पुनर्विचार गर्न सरकारलाई सुझाव दिएको छ।

सानो परिमाणमा हुने आयातका कारण विदेशी निर्यातकर्ताले एमआरपी वा लेबल व्यवस्थापन गर्न नचाहने, अन्तरराष्ट्रिय बजारमा वस्तुको मूल्य निरन्तर परिवर्तन भइरहने, दैनिक रूपमा विनिमय दरमा उतारचढाव आउने तथा हार्मोनाइज्ड कोडको सुनिश्चितता नभएका कारण भन्सार एवं अन्तःशुल्क दरबन्दीमा फरक परिरहने साथै भन्सार परिसरमा पूर्वाधारको अभावले त्यस्ता स्टिकर, लेबल राख्न सम्भव नहुने चेम्बरले जनाएको छ।

चेम्बरले एमआरपीसम्बन्धी नीति बनाउँदा अन्तरराष्ट्रिय व्यापारको यथार्थ, मूल्य अस्थिरता र आयात प्रक्रियाका व्यावहारिक पक्षलाई ध्यानमा राख्नुपर्नेमा जोड दिएको छ। साथै उपभोक्ता संरक्षण र पारदर्शिता कायम गर्ने उद्देश्यलाई ध्यानमा राख्दै लचिलो र प्रविधिमैत्री प्रणाली विकास गर्नुपर्ने सुझाव दिएको छ।

यसैगरी, चेम्बरले निर्यात प्रवर्द्धनमार्फत व्यापार घाटा कम गर्न सरकारको ध्यानाकर्षण गराएको छ। स्वदेशी कच्चा पदार्थमा आधारित उत्पादन वृद्धि, मूल्य अभिवृद्धि गर्ने उद्योगलाई प्रोत्साहन, निर्यात अनुदान वृद्धि र सातै प्रदेशमा 'निर्यात गृह' स्थापना गर्नुपर्ने प्रस्ताव अघि बढाइएको छ। भारत-युरोप स्वतन्त्र व्यापार सम्झौताले नेपालको निर्यातमा पर्ने प्रभावलाई ध्यानमा राख्दै वैदेशिक व्यापार नीतिमा समयानुकूल परिमार्जन आवश्यक रहेको पनि चेम्बरले जनाएको छ।

निजी क्षेत्रको लगानी प्रवर्द्धन, स्टार्टअप र युवा उद्यमशीलता विकास, व्यवसाय दर्ता तथा कर प्रणालीको डिजिटाइजेसन, साना तथा मझौला उद्योगलाई सहुलियत तथा आपूर्ति प्रणाली सुदृढीकरणका विषयमा चेम्बरले सरकारलाई सुझाव दिएको छ। चेम्बरले उद्योग, वाणिज्य तथा आपूर्ति क्षेत्रलाई सबल बनाउन सुशासन, पारदर्शिता र निजी क्षेत्रसँगको सहकार्य अपरिहार्य रहेको उल्लेख गर्दै मन्त्री यादवको कार्यकाल सफल हुने विश्वास व्यक्त गरेको छ।

# सेवा प्रवाहमा देखिएका अवरोध हटाउन अध्यादेश ल्याइएको हो : सल्लाहकार शाह

काठमाडौँ, १७ वैशाख (रासस)।

प्रधानमन्त्री वालेन्द्र शाहका राजनीतिक सल्लाहकार असिम शाहले कानुनी जटिलताका कारण जनसरोकारका काम नरोकिउन् र जनतालाई प्रदान गर्ने सेवाको प्रवाह चुस्त होस् भन्ने लोकतान्त्रिक मान्यतालाई आत्मसात् गरेर सरकारले अध्यादेश ल्याएको स्पष्ट गर्नुभएको छ।

उहाँले सरकारले सार्वजनिक सेवा प्रवाह र प्रशासनिक प्रणालीमा रहेका नीतिगत जटिलता हटाउनका लागि आवश्यकपर्ने महत्वपूर्ण कदम चाल्नका लागि अध्यादेश सिफारिस गरेको बताउनुभएको हो।

सल्लाहकार शाहले बिहीबार सामाजिक सञ्जालमार्फत सरकारले सार्वजनिक सेवा प्रवाह र प्रशासनिक प्रणालीमा रहेका नीतिगत जटिलता हटाउन महत्वपूर्ण कदम चालेको बताउनुभएको छ।

सोही प्रयोजनका लागि यही वैशाख १४ गतेको मन्त्रिपरिषद् बैठकले राष्ट्रपति रामचन्द्र पौडेलसमक्ष अध्यादेश प्रमाणीकरणका लागि सिफारिस गरेको जानकारी दिनुभयो।

उहाँले भन्नुभएको छ, "वर्तमान सरकार गठन भएलगत्तै सत्तारुढ दल राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापतिले नयाँ जनादेशको मर्मअनुसार शासकीय सुधारका लागि राजनीतिक नियुक्ति पाएका पदाधिकारीहरूलाई मार्गप्रशस्त गर्न आह्वान गर्नुभएको थियो।

सो आग्रहका बाबजुद कार्यसम्पादन र समन्वयमा देखिएका व्यावहारिक कठिनाइलाई सम्बोधन गर्न सरकारले यो कानुनी बाटो रोजेको हो। यसले कार्यसम्पादनमा देखिएका अवरोध 'डेड्लक' अन्त्य गरी नतिजामुखी शासन पद्धति स्थापित गर्न सहज हुनेछ।"

उहाँले सार्वजनिक सरोकारका निर्णय निश्चित समयभित्रै सम्पादन गरी जनतालाई सुशासनको प्रत्याभूति गराउन सो अध्यादेश ल्याइएको पनि प्रष्ट पार्नुभएको छ। पुराना र जटिल कानुनी प्रावधानका कारण जनहितका कार्यमा हुने विलम्बलाई यसले अन्त्य गर्ने जानकारी दिँदै विगतमा दशकौँसम्म अल्झिएका प्रक्रियागत समस्यालाई पहिचान गरी तिनको दिगो र वैज्ञानिक समाधान निकाल्ने सरकारको लक्ष्य रहेको पनि उहाँले बताउनुभएको छ।

उहाँले लेख्नुभएको छ, "यी अध्यादेश कुनै व्यक्ति वा समूहको स्वार्थका लागि नभई विशुद्ध रूपमा नागरिकको हित र राज्य संयन्त्रको प्रभावकारिताका लागि ल्याइएको छ। कानुनी जटिलताका कारण जनसरोकारका काम रोकिनु हुँदैन भन्ने लोकतान्त्रिक मान्यतालाई आत्मसात् गर्दै यसले देशको समृद्धिको यात्रालाई थप गति दिने बलियो आधार खडा गरेको छ।"

# सङ्क्रमणकालीन न्यायलाई छिटो निष्कर्षमा पुऱ्याउन सर्वोच्चको परमादेश

काठमाडौँ, १७ वैशाख (रासस)।

सर्वोच्च अदालतले सङ्क्रमणकालीन न्यायसम्बन्धी उजुरीको अनुसन्धान गरी छिटो निष्कर्षमा पुऱ्याउन परमादेश जारी गरेको छ।

कायममुकायम प्रधानन्यायाधीश सपना प्रधान मल्ल, न्यायाधीशहरु डा मनोजकुमार शर्मा, डा नहकुल सुवेदी, अब्दुल अजीज मुसलमान र टेकप्रसाद ढुङ्गानाको संवैधानिक इजलासले मङ्गलबार सत्यनिरुपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोगमा परेका उजुरीको अनुसन्धानलाई छिटो निष्कर्षमा पुऱ्याउन सरकारका नाममा परमादेश जारी गरेको हो।

"न्यायको पहुँचको अवरोध हटाउनका लागि दुई आयोगमा दर्ता भएका उजुरी प्रभावकारी रुपमा अनुसन्धान अगाडि बढाई छिटो निष्कर्षमा पुऱ्याउन परमादेश जारी गरिएको छ", सर्वोच्च अदालतका प्रवक्ता अर्जुनप्रसाद कोइरालाले बिहीबार राससलाई जानकारी दिँदै भन्नुभयो, "यस विषयमा विगतमा भएका आदेश तथा निर्देशनात्मक आदेशको कार्यान्वयन गरी छिटो निकास दिन सरकारका नाममा परमादेश जारी गरेको छ।"

संवैधानिक इजलासले बेपत्ता पारिएका व्यक्तिको छानबिन तथा सत्यनिरुपण तथा मेलमिलाप आयोगसम्बन्धी ऐन (तेस्रो संशोधन), २०८१ अन्तरराष्ट्रिय मापदण्ड, सर्वोच्च अदालतको फैसला, कानुनअनुसार नै संशोधन गरिएको हुनाले संवैधानिक भएको ठहर गरेको छ। विस्थापित संविधानसभाका ज्येष्ठ सदस्य कुलबहादुर गुरुङ र अधिवक्ता डा ज्ञानबहादुर बस्नेतसमेतले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई विपक्षी बनाई दायर गरेको रिट निवेदनमा उक्त ऐनको तेस्रो संशोधन असंवैधानिक भएको र दुवै आयोगका उजुरीलाई छिटो अनुसन्धान गरी निष्कर्षमा पुऱ्याउन माग गरिएको थियो।

ऐनको तेस्रो संशोधनमा मानव अधिकारको गम्भीर उल्लङ्घन भन्ने शब्दको सट्टामा विभिन्न ठाउँमा मानव अधिकारको उल्लङ्घन वा मानव अधिकारको गम्भीर उल्लङ्घन भनेर राखिएको छ। रिट निवेदनमा मानव अधिकारको गम्भीर उल्लङ्घन भन्ने शब्द मात्रै राखिनुपर्ने माग गरिएको थियो।

# दुईदिने बिदालाई कार्यान्वयन गराउन शिक्षक महासंघ दृढ

काठमाडौँ, १७ वैशाख (रासस)।

नेपाल शिक्षक महासङ्घले शिक्षण संस्थामासमेत हप्तामा दुई दिन (शनिबार र आइतबार) बिदा दिने नेपाल सरकारको निर्णयको समर्थन गर्दै कार्यान्वयनका लागि सम्बन्धित सबै पक्षसँग आग्रह गरेको छ।

मन्त्रिपरिषद् बैठकले पेट्रोलियम पदार्थको आपूर्तिमा असहजताका कारण गत चैत २३ गतेदेखि निजामतीलगायत सबै निकाय र शिक्षण संस्थामा शनिबार र आइतबार बिदा दिइ सरकारी कार्यालय समय बिहान ९:०० बजेदेखि साँझ ५:०० बजेसम्म कायम गरेको थियो।

महासङ्घका अध्यक्ष लक्ष्मीकिशोर सुवेदी र महासचिव तुलाबहादुर थापाले बिहीबार संयुक्त प्रेस विज्ञप्ति जारी गरेर दुई दिने बिदाको समर्थन गर्नुभएको हो। नयाँ बिदाको प्रबन्धअनुसार पाठ्यक्रम पाठनपाठन मिलाउन शिक्षक र विद्यालय कर्मचारीले आग्रह गर्दै आएका छन्।

महासङ्घको विज्ञप्तिमा विगतमा आफूहरूसँग भएका सहमतिबमोजिम स्थायी, सबै प्रकारका अस्थायी राहत, करार, साविक उमावि, शिक्षण सिकाइ अनुदान, बालविकास, विशेष शिक्षालगायतका शिक्षक तथा विद्यालय कर्मचारीका सबै समस्या समाधान हुनेगरी विद्यालय शिक्षा ऐन छिटो ल्याउन माग गरिएको छ। महासङ्घले सोलुखुम्बु, सिरहालगायत जिल्लामा शिक्षक दरबन्दी कटौती गर्दै सेवा हटाउने, विभिन्न बहानामा अनुपयुक्त सरुवा गर्नेजस्ता कार्य भएकामा चिन्ता व्यक्त गरेको छ।

## निजामती कर्मचारीको ...

हालको प्रणालीमार्फत आवश्यकताअनुसार १५ दिन वा मासिक रूपमा तलब भुक्तानी गर्न सकिन्छ। अर्धमासिक तलब वितरणले बजारमा नियमित माग सिर्जना हुने, साना व्यवसायीको नगद प्रवाह सुधार हुने तथा सेवा क्षेत्र र डिजिटल अर्थतन्त्रमा सकारात्मक प्रभाव पर्ने अपेक्षा गरिएको छ। यहि वैशाख ४ गते अर्थमन्त्री डा वाग्लेले १५ दिनमै तलब भुक्तानी गर्ने व्यवस्था पाइलट परियोजनाका रूपमा अघि बढाउने निर्णय गर्नुभएको थियो।

## 'मिथ्या प्रचार ...

राष्ट्रसङ्घीय जनसङ्ख्या कोष ( युएनएफपिए) ले ३२ मिलियन डलरको परिवार नियोजनका साधन किनेर सरकारलाई दिने गरे पनि हाल घटेको बताउनुभयो। दुई वर्षअघि आफू मन्त्रालय आउनुअघि वार्षिक रु छ करोडका परिवार नियोजनका साधन किन्ने गरिएकामा पछि रु १० करोड हुँदै यस वर्षदेखि रु १७ करोडको खरिद गर्ने व्यवस्था मिलाउन सफल भएको उहाँले जानकारी गराउनुभयो। आवश्यकता भने वार्षिक रु २५ करोडको खरिद गरिनुपर्ने शाखा प्रमुख दाहालको भनाइ छ।

यस विषयमा काम गरिरहेको कृपा संस्थाका डा महेश पुरी पहिले जनसङ्ख्या नियन्त्रणका लागि परिवार नियोजनका साधन प्रयोग गर्ने गरिएकामा अब व्यवस्थापनमा ध्यान दिनुपर्ने बताउनुहुन्छ। हाल जनसङ्ख्या वृद्धिदर शून्य दशमलव ९२ प्रतिशत रहेकाले यो दर घट्न झण्डै ७५ वर्ष लाग्ने उहाँको भनाइ छ। हाल प्रजनन दर दुई प्रतिशत रहेकाले नघटाईकन व्यवस्थापन गरे पुग्ने पुरीले सुनाउनुभयो।

सूचना ! सूचना !! सूचना !!!

इम्प्याक्ट नेपाल प्राथमिक कान उपचार केन्द्र, राजविराजले सम्पूर्ण उपचार सेवाहरू यही मिति २०८२।१०।१२ (26-01-2026) गतेदेखि गीता पेट्रोल पम्प अगाडीको आफ्नै नयाँ भवन इम्प्याक्ट नेपाल ठाको देवी जोगेन्द्र भगत कान उपचार केन्द्र राजविराजबाट अति अत्याधुनिक प्रविधिबाट सुविधा सहित सम्पूर्ण सेवाहरू उपलब्ध गराउने भएको सहर्ष जानकारी गराउँदछौं।

हाम्रो सेवाहरू:

१. दैनिक कान जाँच तथा उपचार
२. विभिन्न आधुनिक मेसिनबाट कानको परिक्षण (PTA, Tympanogram, EUM)
३. कानको सुन्ने मेसिन (Hearing Aid)
४. इन्डोस्कोपी (Endoscopy)
५. कानको शल्यक्रिया (Operation)
६. फार्मेसी सेवा



सम्पर्क : ०३१-५९०००५
९८०४७४२२८०, ९८४२२७०७२४

**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शंखर,
**मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com,* **वेवसाइट :** *rajbirajdainik.com.np*